# बटेश्वर गांउपालिका

## विनीयोजन ऐन, २०७५

*कार्यपालिकाबाट स्वीकृत मिति :–२०७५।०३।१०*

बटेश्वर गांउपालिका

धनुषा

*गांउ सभाबाट अनुमोदन भएको मिति :–२०७५।०३।२४ गते*

# विनियोजन ऐन, २०७५

बटेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन" २०७५

प्रस्तावना :

बटेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बटेश्वर गाउँपालिकाको गाउसभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम " बटेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

क) "गाउसभा"भन्नाले बटेश्वर गाउँपालिकाको गाउसभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका"भन्नाले बटेश्वर गाउँपालिकाको गाउकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति"भन्नाले बटेश्वर गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगत शाखा"भन्नाले बटेश्वर गाउँपालिका अन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) "संञ्चित कोष"भन्नाले बटेश्वर गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३.आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७५।०७६ को निमित्त गाउकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.३६२४३४०००.०० छत्तिस करोड चौविस लाख चौतिस हजार मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

तर

उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्त हुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न बाधा पर्ने छैन ।

४. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त बटेश्वर गाउँपालिकाको गाउकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा बटेश्वर गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम

सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउसभाको स्वीकृति लिनु पर्नेछ ।

दफा २ संग सम्बन्धित

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

बटेश्वर गाउँपालिकाको **संञ्चित कोषमा जम्मा रहने तथा सोबाट विनियोजन हुने रकम**

| व्यय तर्फ | प्रतिशत | रकम रु |
|---|---|---|
| १ .चालु तर्फ | ४८.१४प्रतिशत | १७,४४,७३,०००।०० |
| २. पूँजीगत तर्फ | ५१.८६प्रतिशत | १८,७९,६१,०००।०० |
| ***जम्मा*** | १००% | ३६,२४,३४,०००।०० |